


राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रु. १ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५२०६५१, ९८५६०७५५७५

❑ वर्ष २२ ❑ अङ्क ४६ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७७ फागुन १६ गते आइतबार ❑ 28 Feb. 2021 ❑ पृष्ठ ४ ❑ मूल्य रू. २।-

## आफूलाई सर्वेसर्वा मान्ने प्रवृत्ति घातक हुन्छ : अध्यक्ष दाहाल

**रासस**
**काठमाडौं, १५ फागुन**

नेपाल कम्युनिष्ट पार्टी (नेकपा)को दाहाल-नेपाल पक्षका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले वर्गीय धरातल बिर्सेर आफूलाई नै सर्वेसर्वा मान्ने प्रवृत्ति नै कम्युनिस्ट पार्टीका लागि घातक भएको बताएका छन् ।

पार्टी सम्वद्ध शिक्षकको राष्ट्रिय सम्मेलनलाई आज यहाँ सम्बोधन गर्दै उनले आफू जन्मिएको धरातल बिर्सेर गलत काम गर्दै हिँड्ने र आफू नै सर्वेसर्वा भएको ठान्ने प्रवृत्ति सबैभन्दा घातक रहेको बताए ।

"पार्टीभित्रैबाट वर्गउत्थान भएका केही नेताहरू जो विपरीत वर्गको स्वार्थसँग आत्मसमर्पण गर्छन् र उनीहरूको प्रलोभनमा फस्छन् र उनीहरूका एजेन्ट हुन्छन् र आफ्नो वर्गलाई धोका दिन्छन्", उनले भने, "आफू जहाँबाट जन्मिएको हो, त्यो धर्ती उनीहरूले बिर्सिन्छन् र आफूलाई हिजो जसका विरुद्ध लडाइँ गरेको हो हिजो जसका विरुद्ध विद्रोह गरेको हो त्यही वर्गको प्रतिनिधिजस्तो ठान्न पुग्छन् ।"

कम्युनिष्ट पार्टीकै नेतृत्वमा बनेको संविधान र त्यसको मर्ममाथि कम्युनिस्ट पार्टीकै अध्यक्ष एवं प्रधानमन्त्रीबाट निर्मम प्रहार हुनु नै सबैभन्दा दुःखद् रहेको उनको भनाइ छ । अध्यक्ष दाहालले सम्पूर्ण लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्थालाई नै उल्ट्याउने दिशातिर प्रधानमन्त्री लागेको आरोप लगाए ।

सोही अवसरमा नेकपाका अर्का अध्यक्ष माधवकुमार नेपालले प्रतिनिधिसभा पुनःस्थापना भए पनि पूरै लडाइँ जित्न बाँकी रहेको बताए । उनले गलत प्रवृत्तिको विरुद्धको आन्दोलनमा सहभागी भएकाहरूबीच सहकार्य गरेर अगाडि बढ्ने जानकारी दिए ।

## प्रधानमन्त्री ओलीद्धारा सोमबार पोखरा रंगशालाको अवलोकन गर्ने

### भौतिक निर्माणको अवलोकनले सहयोग पुग्ने सदस्य गुरुङको विश्वास

**पोखरापत्र संवाददाता**
**पोखरा, १५ फागुन**

प्रधानमन्त्री केपी शर्मा ओलीले सोमबार पोखरा रंगशालाको अवलोकन भ्रमण गर्ने भएका छन् ।

यहि फागुन १७ गते नेकपा (ओली समुह) प्रदेश कमिटीले आयोजना गर्ने कार्यक्रमलाई सम्वोधन गर्न पोखरा आएको अवसरमा प्रधानमन्त्री ओलीलाई रंगशालामा अवलोकन भ्रमण समेत गराउने भएको राष्ट्रिय खेलकूद परिषद (राखेप)का सदस्य राजेश कुमार गुरुङले बताए ।

यसैबिच, जिल्ला स्थित शुरक्षा समितीले शनिवार पोखरा रंगशालाको निरिक्षण गरेको छ । कास्कीका प्रमुख जिल्ला अधिकारी ज्ञानप्रसाद ढकाल, कास्की प्रहरी प्रमुख प्रहरी उपरिक्षक जिवन कुमार श्रेष्ठ, कास्कीका अनुशन्धानका प्रमुख, नेपाली सेना, शसस्त्र प्रहरीका प्रमुख लगाएतले पोखरा रंगशालाको निरिक्षण गरेको जिल्ला खेलकुद विकास समितिका कार्यालय प्रमुख प्रकाश बरालले बताए । पोखरा रंगशालामा सुइमिङपुल सहितको थप भौतिक पूर्वाधार निर्माणमा सहयोग पुग्ने गरी आफुहरुले प्रधानमन्त्रीलाई रंगशालामा भ्रमण गराउन लागिएको उनले जनाए । उनले भने "नवौं राष्ट्रिय खेलकुद प्रतियोगिताका अधिकांश खेलहरु पोखरा रंगशालामा हुने भएको हुदा सुइमिङपुल, सुटिङ ट्रेनिङ सेन्टर र फुटवल स्टेडिएममा फ्लट लाइट तत्काल आवश्यक भएको छ ।" १ अर्ब २८ करोडको परियोजना पोखरा फुटवल स्टेडिएमको अन्तिम काम हाल अलपत्र अबस्थामा रहेको उल्लेख गर्दै राखेप सदस्य गुरुङले बजेट निकासामा ढिलाई भएसंगै हाल निर्माण कार्य अलपत्र जस्तै भएको उल्लेख गरे । उनले नवौं राष्ट्रिय खेलकुद तयारी स्वरुप पनि प्रधानमन्त्रीलाई पोखरा रंगशालामा अवलोकन गारउने भएको उनले जनाए । प्रधानमन्त्री ओलीले पोखरा रंगशालाको अवलोकन गर्ने भए पछि राष्ट्रिय खेलकुद परिषदका सदस्य सचिब रमेश कुमार सिलवाल आइतबार पोखरा आउने कार्यक्रम रहेको सदस्य गुरुङले जनाए ।

## पूर्वपर्यटनमन्त्री अधिकारीको सम्झनामा श्रद्धाञ्जली कार्यक्रम

**पोखरापत्र संवाददाता**
**पोखरा, १५ फागुन**

फागुन १५ गतेका दिन हेलिकप्टर दुर्घटनामा परी तत्कालीन संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री रवीन्द्र अधिकारी दिवङ्गत भएका थिए ।

यो दिनलाई स्मरण गर्दै शनिबार स्व अधिकारीको जन्मस्थल पोखरा (कास्की) लगायत देशका विभिन्न स्थानमा श्रद्धाञ्जली कार्यक्रमको आयोजना गरी उनको योगदानको स्मरण गरिएको छ ।



नेपाल नागरिक उड्डयन प्राधिकरण (क्यान) ले ट्वीटमार्फत दिवङ्गत हुनुभएका अधिकारीसहितका व्यक्तिप्रति आज दोस्रो वार्षिक पुण्य तिथिका अवसरमा हार्दिक श्रद्धासुमन अर्पण गरेको छ । क्यानका महानिर्देशक राजन पोखरेलले ट्वीट पोष्ट गर्दै हेलिकप्टर दुर्घटनामा पर्ने तत्कालीन मन्त्री अधिकारीसहित अन्य विशिष्ठ व्यक्तिप्रति हार्दिक श्रद्धाञ्जलि अपर्ण गरेका छन् ।

विसं २०७५ फागुन १५ गते ताप्लेजुङ्को फुङ्लिङस्थित सिस्नेभिरमा घटेको दुःखद् हेलिकप्टर दुर्घटनामा परी तत्कालीन पर्यटनमन्त्री स्व अधिकारीसहित सरकारी उच्च अधिकारी तथा पर्यटन क्षेत्रका विशिष्ठ व्यक्तिको निधन भएको थियो । एयर डाइनेष्टीको नाइन एन एएमआई एएस ३५० बि थ्रीइ कलसाइनको हेलिकप्टर तेह्रथुमको चुहानडाँडामा औपचारिक कार्यक्रम सकेर पाथीभरा हुँदै काठमाडौं फर्कने क्रममा ताप्लेजुङको फुङलिङ नपाको तारेडुङ्गा सिस्नेभिर क्षेत्रमा दुर्घटनामा परेको थियो ।

दुर्घटनामा मन्त्री अधिकारीसहित क्यानका उपमहानिर्देशक वीरेन्द्रप्रसाद श्रेष्ठ, निर्देशक ध्रुवदास भोछभया, प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका उपसचिव युवराज दाहाल, यती एयरलाइन्सका प्रबन्ध निर्देशक आङछिरिङ शेर्पा, मन्त्री अधिकारीका अङ्गरक्षक नेपाली सेनाका जमदार अर्जुन घिमिरे र हेलिकप्टर चालक प्रभाकर केसीको निधन भएको थियो ।

## वेलायतबाट यस वर्ष पनि आकर्षक ट्रफी आउने

**पोखरापत्र संवाददाता**
**पोखरा, १५ फागुन**

आहा रारा गोल्ड कप को १९ औं संस्करणमा पनि वेलायतबाट आकर्षक म्यान अफ दी म्याच ट्रफी ज्ञफी सहित विभिन्न विधामा उत्कृष्ट खेलाडीलाई प्रदान गरीने ट्रफी आउने भएको छ ।

१० वटा खेलको लागि १० वटा म्यान अफ दी म्याच ट्रफी, प्रतियोगितामा उत्कृष्ट हुने खेलाडीलाई, उत्कृष्ट स्टाइकर, उत्कृष्ट मिड फिल्डर, उत्कृष्ट डिफेन्स, उत्कृष्ट गोलरक्षक, उत्कृष्ट हाईस्कोरर, अनुशासित टोली, उत्कृष्ट प्रशिक्षकलाई प्रदान गरिने आकर्षक ट्रफी आउने भएको सहारा क्लवले जनाएको छ । सहारा यूकेको सहयोगमा उक्त ट्रफी प्राप्त हुने भएको हो । त्यसै गरी विजेता तथा उपविजेता खेलाडीहरुलाई प्रदान गरिने मेडल समेत वेलायतबाट ल्याइने भएको हो । विभिन्न विधामा उत्कृउष्ट हुने खेलाडी एवं कुनै टोलीको लागि उत्त ट्रफी निकै आकर्षक भएकोले उक्त ट्रफीको महत्व थप बढेको क्लवका अध्यक्ष केशव बहादुर थापाले बताए ।

पोखरामा आउँदो चैत १७ गते देखि १९ औं संस्करणको मोफसलको बहुप्रतिष्ठित राष्ट्रिय तथा अन्तराष्ट्रिय अन्तर क्लब स्तरिय आमन्त्रित आहा! रारा गोल्ड कप फुटबल प्रतियोगिता २०७७ हुने भएको छ । उक्त प्रतियोगिता पोखरा रंगशालामा २०७७ चैत २८ गतेसम्म हुने भएको सहारा क्लवले जनाएको छ ।

## भ्रष्टाचार गर्ने जो सुकैलाई पनि कारबाही : प्रमु आयुक्त राई

**रासस**
**काठमाडौं, १५ फागुन**

अख्तियार दुरुपयोग अनुसन्धान आयोगका प्रमुख आयुक्त प्रेमकुमार राईले अख्तियारी दुरुपयोग गर्ने जो सुकैलाई पनि तथ्य र प्रमाणका आधारमा कारबाही गरिने जनाएका छन् ।

उनले कुनै प्रतिशोध र पूर्वाग्रहका आधारमा निदोर्षलाई फसाउने गरी कुनै निर्णय नगरिने पनि स्पष्ट गरे । प्रमुख आयुक्तमा नियुक्त भएकामा आफूलाई बधाई दिन आयोग परिसरमा शनिबार पुगेका काठमाडौं महानगरपालिका २९ का स्थानीयवासी, स्थानीय संस्थाका प्रतिनिधि, समाजसेवी तथा बुद्धिजीवीसँगको कार्यक्रममा उनले सो धारणा राखेका हुन् ।

मुलुकमा भ्रष्टाचार नरोकिएकामा चिन्ता व्यक्त गर्दै उहाँले आम नागरिकले अनुभव गर्न सक्ने गरी काम गर्नु चुनौती रहेको बताउँदै आफ्नो कार्यकालमा संविधान, भ्रष्टाचार निवारण ऐन तथा अख्तियारको कार्यक्षेत्रभित्र रहेर पारदर्शी ढङ्गले भ्रष्टाचार नियन्त्रणको काममा लाग्ने जनाए । भ्रष्टाचार नियन्त्रण तथा अनुसन्धानमा आम नागरिककोसमेत सहयोग आवश्यक परेको उल्लेख गर्दै उनले सोका लागि सबैको साथको अपेक्षा गरे ।

## नेकपाको कुन पक्षलाई सहयोग गर्ने भन्ने आधिकारिक धारणा बनेको छैन : महामन्त्री कोइराला

**रासस**
**काठमाडौं, १५ फागुन**

नेपाली कांग्रेसका महामन्त्री डा शशाङ्क कोइरालाले नेपाली कांग्रेसले नेकपाको कुन पक्षलाई सहयोग गर्ने भन्नेबारे धारणा नबनाइसकेको बताएका छन् ।

रेडियो मकवानपुरको शनिबारहेटौंडामा आयोजित ११ औं वार्षिकोत्सव समारोहमा उनले कांग्रेस अहिले कसैको पक्षमा नरहेको स्पष्ट पारे । उनले भने, "हामी ओलीको पक्षमा पनि छैनौँ, प्रचण्ड-माधव पक्षमा पनि छैनौँ । कांग्रेसले संसद्मा हुने प्रतिनिधित्वको आधारमा आफ्नो रणनीति बनाएर अघि बढ्छ ।" महामन्त्री कोइरालाले कम्युनिष्टसँग सहकार्य गर्न कांग्रेसले रणनीति तय गर्ने पनि बताए ।

सो अवसरमा रेडियोको संस्थागत विकासमा उल्लेखनीय योगदान पुऱ्याएबापत राससकर्मी रिपेश दाहाललाई सम्मान गरिएको रेडियोका स्टेसन म्यानेजर गणेशदर्पण अधिकारीले जानकारी दिए ।

## पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानका सभा सदस्यलाई स्वागत

**पोखरापत्र संवाददाता**
**पोखरा, १५ फागुन**

पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानका नवनियुत्त सभा सदस्यलाई शुक्रबार एक समारोहका बिच स्वागत गरिएको छ ।

प्रतिष्ठानका उपकुलपति प्रा.डा.बुद्धि बहादुर थापाले हालै नियुक्त भएका सभा सदस्यलाई स्वागत सहित यस अघिको सदस्यहरुलाई बिदाई गरेका छन् । नयाँ सदस्यहरुमा हिमालाल भण्डारी, मिन बहादुर गुरुङ, तिर्थलाल श्रेष्ठ, गंगा कुवंर, सीता गुरुङ, गणेश बहादुर श्रेष्ठ र नबराज अधिकारी रहेका छन्। उनीहरु मध्य मिन र गणेश पुनन दोहोरिएका हुन् । यस अघिको प्रतिष्ठानको सभा सदस्यमा श्रेष्ठ, गुरुङ सहित डा. टुमाया घले, डा. छम माया पुन, आनन्दराज मुल्मी, डा. ढाकाराम श्रेष्ठ र सकुन्तला गुरुङ रहेका थिए । उनीहरुलाई प्रतिष्ठानले विदाई गरेको हो । त्यसै गरी प्राज्ञिक परिषद तर्फ प्रा.डा. श्रीकृष्ण श्रेष्ठ, प्रा.डा. माया लामा, प्रा.डा. भोगेन्द्र बहादुर केसी, सह–प्रा.डा.राजेश अधिकारी, सह–प्रा.डा.सुरेशराज पौडेल, सह–प्रा.डा.सुरेश थापा, लेक्चरर डा. मोनी सुवेदी, डा. बसन्त ताम्राकार र डा.चण्डिका पण्डित रहेका छन । प्रतिष्ठानले अबको शैक्षिक सत्रदेखि दोश्रो शैक्षिक सत्र सुरु गर्ने भएको छ। एम.डी/एम.एस(स्नातकोत्तर)कोदोश्रो शत्रको लागि हाल भर्ना समेत यही फागुन १६ गतेसम्म खुल्ला गरिएको प्रा.डा. थापाले बताए । चिकित्सा शिक्षा आयोगले भर्ना प्रकृयाबाट सरकारी ११ जनाको सिटमा भर्ना प्रकृया पुरा गरेको छ भने अन्य खुल्लाको भर्ना प्रकृया आयोगले आव्हान गरेको हो ।


## विवाद टुङ्ग्याएर छिटै निकास दिन्छौँ- प्रवक्ता श्रेष्ठ

**रासस**
**काठमाडौं, १५ फागुन**

निर्वाचन आयोगले नेपाल कम्युनिष्ट पार्टी (नेकपा) को आधिकारिकतासम्बन्धी विवाद छिट्टै निरुपण गर्ने भएको छ । यसका लागि सम्बन्धीत पक्षसँग औपचारिक र अनौपचारिक छलफल गरिरहेको छ ।

सर्वोच्च अदालतबाट भएको प्रतिनिधिसभा पुनःस्थापनाको निर्णयपछि समय चापका हिसाबले निर्णय दिन केही सहजता भए पनि प्राप्त जिम्मेवारीलाई आयोगले छिट्टै निकास दिन अध्ययन र परामर्श गरिरहेको छ । आयोगका प्रवक्ता राजकुमार श्रेष्ठ भन्छन्, "दलसम्बन्धी विषयमा दर्ता भएको निवेदनमा आयोगबाट अध्ययन, परामर्श भइरहेको छ । यो विषयमा पक्षसँग औपचारिक र अनौपचारि करुमा छलफल जारी छ ।"

निर्वाचन प्रयोजनका लागि दल दर्ताको सूचना प्रकाशन गर्नुपर्ने समयको चाप सर्वोच्च अदालतको निर्णयबाट हटेपछि समयका हिसाबले केही सहजता भएको बताउँदै उहाँले आयोग सो विषयलाई छिट्टै नै टुङ्ग्याएर निर्णय र निकास दिने क्रममा रहेको स्पष्ट पारे । सरकारले गत पुस ५ गते आगामी वैशाख १७ र २७ गते प्रतिनिधिसभा सदस्य निर्वाचन घोषणा गरेसँगै आयोगले आन्तरिक तयारलाई तीव्र तुल्याएको थियो । सर्वोच्च अदालतको संसद् पुनःस्थापना गर्ने निर्णयसँगै औपचारिक पत्र प्राप्त नभए पनि आयोगले निर्वाचनका सम्पूर्ण क्रियाकलाप रोकिसकेको छ । निर्वाचन सामग्री खरीदका लागि प्रकाशित बोलपत्र पनि आयोगले रद्द गर्ने क्रममा रहेको बताइएको छ । निर्वाचन तयारी क्रममा मतदाता नामावली अद्यावधिक, निर्वाचनस्थल र केन्द्र पुनरावलोकनका काम अन्तिम चरणमा पुऱ्याएको थियो । ऐनअनुसार निर्वाचन घोषण भएसँगै स्थगन भएको मतदाता नामावली दर्ता कार्यक्रम पनि अब केही समयपछि नै खुला हुनेछ । अर्थमन्त्रालयबाट प्रतिनिधिसभा निर्वाचनका लागि रु सात अर्ब, सात करोड, ९० लाख ८० हजार बजेट सुनिश्चिता भई केही रकम पनि निकासा भएको थियो । आयोगले प्राप्त रकममध्ये ७७ जिल्ला निर्वाचन कार्यालयलाई उपकारण, सवारीसाधन मर्मत, इन्धन, बिजुलीलगायतका शीर्षकमा रु चार करोड, १७ लाख ९० लाख पठाएको थियो । आयोग केन्द्रीय कार्यालयमा पनि उपकरण मर्मत, सवारीसाधन मर्मतलगायत प्रशासनिक र सचिवालयका काममा यकीन नभए पनि जिल्लामा पठाएकै बराबर खर्च भएका प्रवक्ता श्रेष्ठले जानकारी दिए ।



# टाइगर कप भलिवल प्रतियोगिताबाट १९ लाख बचत

**पोखरापत्र संवाददाता**
**पोखरा, १५ फागुन**

प्रथम टाइगर कप आमन्त्रित राष्ट्रिय भलिवल प्रतियोगिताबाट १९ लाख ३० हजार ४१ रुपैया बचत भएको छ।



टाइगर ग्रुप अफ पोखराको आयोजनामा दुई साता अघि पोखरा रंगशालामा सम्पन्न भएको उक्त प्रतियोगिताबाट ५४ लाख ४१ हजार ८ सय ३५ रुपैया आम्दानी भई उक्त रकम बचत भएको ग्रुपले शनिबार पोखरामा आयोजना गरेको आय व्यय सार्वजनिक कार्यक्रममा जानकारी गराएको हो । माघ २७ देखि फागुन १ गतेसम्म संचालन भएको उक्त प्रतियोगिता सम्पन्न गर्न ३५ लाख ११ हजार ७ सय १४ रुपैया खर्च भएको ग्रुपका अध्यक्ष नारायण शर्माले बताए। उक्त प्रतियोगितामा कबिर २० हजार दर्शक सहभागि भएको प्रचार संयोजक रामकृष्ण ज्ञवालीले बताए । फाइनल खेलमै करिब ६ हजार दर्शक भित्रिएका थिए भने अन्य लिग तथा सेमिफाइनलमा दर्शक सहभागि भएका हुन् । दर्शकहरुले फाइनल खेलमा प्रबेश शुल्क दुई सय तिरेका थिए भने लिगमा एक सय र सेमिफाइनलमा एक सय ५० रुपैया तिरेका थिए । ग्रुपले टिकटको १० लाख ५५ हजारमा ठेक्कामा दिएको थियो । यद्यपी ठेक्का लिएका व्यक्तिले भने करिब दोब्बर मुनाफा गर्न सफल भएको बताइएको छ । बचत भएको उक्त रकम ग्रुपले खेलाडीहरुको हकहित सहित सामाजिक क्षेत्रमा खर्च गर्ने भएको सचिव प्रकाश बरालले बताए। ग्रुपमा रहेका ३७ जना युवाहरुले व्यक्तिगत रुपमा ५० हजारको जिम्मा लियर उक्त प्रतियोगिता गराउने योजना अनुसार संचालन भए पनि सोचे भन्दा बढी सफलता हासिल भएको संयोजक नविन गुरुङले बताए।

उक्त कार्यक्रममा वोल्दै राष्ट्रिय खेलकुद परिषदका सदस्य राजेश कुमार गुरुङले ग्रुपले अब खेलाडीहरु उत्पादनमा जोड दिन आग्रह गर्दै थप सहयोग आवश्यक परेमा सहयोग गर्ने जनाए । उत्त प्रतियोसिगता अर्न्तगत गण्डकी प्रदेशले पुरुष तर्फ प्रथम टाइगर कप आमन्त्रित राष्ट्रिय भलिवल प्रतियोगिताको उपाधि जितेको थियो भने महिला तर्फ पुलिसले बाजी मारेको थियो।

# खानेपानी संस्थानको ३२ औं वार्षिकोत्सव

**पोखरापत्र संवाददाता**
**पोखरा, १५ फागुन**

नेपाल खानेपानी संस्थानले ३२ औं वार्षिकोत्सव मनाएको छ। वार्षिकोत्सव मनाउने क्रममा नेपाल खानेपानी संस्थान पोखरा शाखा र हेमजा शाखाले पोखरामा रमाइलो कार्यक्रमसहित वार्षिकोत्सव मनाएको हो।



पोखरा शाखाका कार्यालय प्रमुख इन्जिनियर आशीष कार्कीको अध्यक्षतामा भएको सभामा हेमजा शाखाका कार्यालय प्रमुख दिनेश्वरप्रसाद यादवले स्वागत गरेका थिए । संस्थान प्राङ्गणमा भएको कार्यक्रममा घैटो फुटाउने, गोलाप्रथाद्वारा कर्मचारीलाई पुरस्कृत गरिने लगायत कार्यक्रम भएको पोखरा शाखाका प्रशासन प्रमुख आनन्दप्रसाद रेग्मीले जानकारी दिए । कर्मचारी केदार धमला र अच्युत घिमिरेले सञ्चालन गरेको कार्यक्रममा अनिल शर्मा सुवेदी, बमबहादुर राना, शिवप्रसाद पौडेल र सुरेन्द्र सिल्पकार प्रतियोगिता विजयी बनेका थिए।

यता नेपाल खानेपानी संस्थानमा कार्यरत मिटर रिडर कलबहादुर थापालाई ५० हजार १ सय ५ रुपैयाँ आर्थिक सहयोग प्रदान गरिएको थियो। प्यरालाईसिस विरामी थापालाई कार्यरत कर्मचारीबाट संकलित रकम प्रदान गरिएको हो । नेपाल खानेपानी संस्थान कर्मचारी संघको अगुवाईमा संकलित रकम पोखरा शाखा प्रमुख आशिष कार्की, हेमजा शाखाका प्रमुख दिनेश्वरप्रसाद यादव, लेखा प्रमुख पुष्पराज जोशी, प्रशासन प्रमुख आनन्दप्रसाद रेग्मी र शिवराज भण्डारीले संयुक्तरुपमा थापाका परिवारलाई हस्तान्तरण गरेको नेपाल खानेपानी संस्थान कर्मचारी संघका कोषाध्यक्ष सिमाना केसीले जानकारी दिइन्। संस्थानको वार्षिकोत्सवको अवसरमा पोखरा शाखामा कार्यरत कर्मचारी हर्कबहादुर गुरुङ, लक्ष्मण पाण्डे, रेखा केसी, श्याम देवकोटा, विनोदबहादुर सार्की उत्कृष्ट कर्मचारीबाट पुरस्कृत भएका थिए।

उत्कृष्ट कर्मचारीमा झलकराम अधिकारी हेमजा शाखाबाट पुरस्कृत भएको नेपाल खानेपानी संस्थान हेमजाका प्रशासन प्रमुख कृतिनाथ देवकोटाले जानकारी दिए । नेपाल खानेपानी संस्थानको वार्षिकोत्वको अवसरमा एसइईमा देशैभरबाट उत्कृष्ठ अंक ल्याउने ३ मध्ये पोखरा शाखामा कार्यरत शिवराज भण्डारीका छोरा सुशासन भण्डारीलाई पुरस्कृत गरिएको प्रशासन सहायक वसन्तराज भण्डारीले जानकारी दिए।

सभामा कार्यालयप्रमुख कार्कीले सबै कर्मचारीको एकतालेमात्र उपभोक्तालाई सेवा दिन सकिने धारणा राखेका थिए। प्रमुख कार्कीले पुरस्कृत कर्मचारीलाई बधाई दिँदै पुरस्कार प्राप्त नगरेका कर्मचारीलाई आगामी वर्षमा उत्कृष्ट सेवा गरी पुरस्कार पाउने बातावरण बनाउन सुझाएका थिए। खानेपानी संस्थानले देशैभरका शाखा कार्यालयमा शनिबार साँझ दिपावली गर्दै ३२ औं वार्षिकोत्सव सम्पन्न गरेको नेपाल खानेपानी संस्थानले जनाएको छ।

# परिषदको छन्दोबद्ध कविता बाचन सम्पन्न

**विनय पौडेल**
**पोखरा, १५ फागुन**

नेपाली भाषा शिक्षक परिषद कास्की, नेपालको आयोजनामा माध्यमिक तहस्तरीय छन्दोबद्ध कविता वाचन प्रतियोगिता सम्पन्न भयो।



बालप्रभात बोर्डिङ स्कुलको सभाहलमा सम्पन्न भएको उक्त कार्यक्रममा विभिन्न विद्यालयका ३१ जना प्रतियोगी विद्यार्थीहरुले सहभागिता जनाएका थिए। शिक्षा तालिम केन्द्र गण्डकी प्रदेशका प्रमुख नेपालहरि रानाभाटको प्रमुख आतिथ्यमा सम्पन्न भएको थियो । प्रमुख अतिथिले परिषद्ले गरेका कार्यक्रमको प्रशंसा गरेका थिउ । छन्दोबद्ध कविता वाचन कार्यक्रममा पोखरा मा.वि का प्रशंसा त्रिपाठी प्रथम, डायमण्ड मा.विका पुनम भण्डारी द्वितीय, पोखरा चिसाखोला वेद विद्याश्रमका नवराज लम्साल तृतीय र केफ माविका आइसा पराई र ज्ञानसागर एकेडेमीका सरिस्मा बास्तोला सान्त्वना स्थान प्राप्त गर्न सफल भए।

संस्कृत क्याम्पस बगरका क्याम्पस प्रमुख उपप्रा. डा जगन्नाथ रेग्मी र छन्द बचाउ अभियानका अभियान्ता माधव वियोगी निर्णायक रहेका कार्यक्रममा सल्लाहाकार सहप्रा.डा यमनाथ तिमिल्सिना, बोधराम ढकाल, लोकचन्द्र खनाल ,डोलराज अर्याल, दिनेश सापकोटा र बाल प्रभात बोर्डिङ स्कुलका विद्यालय व्यवस्थापन समिति अध्यक्ष प्रेम बहादुर कुँबर लगायतले मन्तव्य दिएका थिए । परिषद्का सदस्य नारायण पराजुलीले संयोजन गर्नुभएको कार्यक्रमको सभापतित्व परिषदका अध्यक्ष डिल्लीराम अर्यालले गरेका थिए भने सञ्चालन सचिव सूर्य प्रसाद लम्सालले गरेका थिए।

# मातृभुमिका लागि नेपाली अभियान पोखरा १३ को संयोजकमा बराल

**पोखरापत्र संवाददाता**
**पोखरा, १५ फागुन**

मातृभुमिका लागी नेपाली अभियानको पोखरा १३ को समिति शनिबार सर्वसम्मत चयन गरिएको छ । पोखरामा एक भेलाको आयोजना गरी अभिनय को संयोजकमा शिबराज बराल सर्वसम्मत छानिएका हुन्।

२५ सदस्यिय समितिमा सह संयोजक राजु क्षेत्री, सचिव बुद्धिप्रकाश बराल, सहसचिव राजन सिग्देल र बिशाल बराल तथा कोषाध्यक्षमा परमेश्वर बराल चुनिएका छन् । यस्तै समितिका सदस्यहरुमा सूर्यबहादुर सिग्देल, राजेन्द्र बराल, दिपक अधिकारी, राम बहादुर परियार, बिकाश बराल, जिवन बराल, सुमन अधिकारी, निर्मल बराल, अमृत बराल, शिब देबकोटा, रबी बराल, सुरज अधिकारी, बिजय सुनार, राजेन्द्र प्रसाद बराल, बिद्या बराल, नमुना बराल'डील्लु बि क, कपिल अधिकारी, नविन बराल रहेका छन्। भेलाको उद्घाटन गर्दै प्रमुख अतिथि मातृभुमिका लागि नेपाली अभियानका केन्द्रिय सहसंयोजक भवानी प्रसाद शर्माले यो समुह गैर राजनैतिक विशुद्ध स्वतन्त्र समुहको रुपमा अगाडि बढेको बताए । उनले हिन्दु राष्ट्र नेपाल हुनुपर्ने तथा संघीयता खारेज गर्नु पर्ने माग यो अभियानको रहेको उल्लेख गरे । मातृभुमीका लागि नेपाली अभियानका केन्द्रिय सदस्य राम बराललले यो समुहले हरेक क्षेत्रमा बिकाश निर्माणदेखि बिशेष गरी युवाहरुलाई कसरी सिपमूलक रुपमा युवा उद्यमशिलतामा दक्ष बनाउने भन्ने बारेमा धेरै काम गर्दै आएको बताए। कार्यक्रममा पत्रकार श्रीराम सिग्देल, अभिनयका कास्की जिल्ला सहसंयोजक सूर्यभक्त सिग्देल, जिल्ला समिति संगठन बिभाग प्रमुख माधब भण्डारी, वडा नं १२ की संयोजक बिद्या अधिकारी तथा वडा नं १३ का संयोजक शिबराज बराल लगायतले भेलामा बोलेका थिए।



# बेसाहारा वालकहरुको लागि सहयोग

**पोखरापत्र संवाददाता**
**पोखरा, १५ फागुन**

बाग्लुङ, बटिगार्डका बाबु गुमाएका, आमा र दाइ मानसिक सन्तुलन नभएका कारण बिचिल्लीमा परेका मनोज र बाबुराम विकको सहयोगको लागि टाइगर ग्रुप अफ पोखरा ले ५० हजार रुपैया सहयोग गरेको छ।

छोरेपाटन माविका २०४९ का व्याजका पूर्व बिद्यार्थीहरुको टोलीले बागलुङ पुगेर आर्थिक सहयोग गर्ने उक्त टोलीका एक सदस्य राजु क्षेत्रीलाई ग्रुपका अध्यक्ष शर्मा, प्रतियोगिता संयोजक नविन गुरुङले उक्त रकम सहयोग हस्तान्तरण गरेका हुन्।

त्यसै गरी उत्त अवसरमा राखेप सदस्य गुरुङले २१ हजार रुपैया सहयोग गरेका छन्।

टोलीले शनिबार नै उनको घरमै पुगेर उत्त रकम बाहेक १ लाख ५५ हजार रुपैया सहयोग गरेको क्षेत्रीले जनाए।

# अर्चलवोट भलिवल प्रशिक्षक केन्द्रलाई स्व. महेश खड्का स्मृति क्लब प्रतियोगिताको उपाधि

**पोखरापत्र संवाददाता**
**पोखरा, १५ फागुन**

पोखराको अर्चलवोट भलिवल प्रशिक्षक केन्द्रले स्व. महेश खड्का स्मृति क्लब स्तरीय भलिबल प्रतियोगिताको उपाधि जितेको छ।

शनिबार पोखरा रंगशालाको भलिवल कोर्टमा भएको फाइनल खेलमा केन्द्रले एजु युवा क्लव ढुंगेपाटनलाई ३–० को सोझो सेटमा पराजित गर्दै उपाधि सहित नगद २५ हजार पुरस्कार प्राप्त गरेको हो।

उपविजेता भएको टोली एजु क्लवले भने ट्रफीको साथमा १५ हजार रुपैया प्राप्त गरेको हो । यस अघि उत्त फाइनल खेलको गण्डकी प्रदेश सभा सदस्य बिन्दुकुमार थापाले रेफ्रिलाई बल हस्तान्तरण गरी खेलको शुभारम्भ गरेका थिए । प्रतिकुल मौसम (पानी परेको) कारण पुरुष तर्फको फाइनल खेल स्थगित भएको यूनाइटेड पोखरा क्लवका जापान गुरुङले बताए । स्याङ्जाको विधान स्पोटर्स क्लव मिरुवा र बागलुङको कलकोट युवा क्लव बिच आइतबार बिहान फाइनल खेल हुने भएको उनले जनाए।

प्रतियोगितामा बिजेतालाई उपाधि सहित ८० हजार, उपविजेतालाई ५० हजार साथमा ट्रफी मेडल प्रमाणपत्र वितरण गरिने भएको छ । शुक्रबार सेमिफाइनल खेलका प्रमुख अतिथी गण्डकी प्रदेश सांसद रामजी प्रसाद बराल(जीवन)ले उत्त खेलले भलिवल खेलको विकासमा थप टेवा पुग्ने विश्वास व्यत्त गर्दै आवश्यक सहयोग गर्ने जनाए। गाँउका खेलाडीहरुको प्रतिभालाई उजागर गर्न यस्ता प्रतियोगिताहरु निरन्तर रुपमा आयोजना हुनु पर्नेमा उनको जोड थियो । प्रतियोगितामा पुरुष तर्फ १४ टिम र महिला तर्फ भने ६ टिमको मात्र सहभागिता रहेको क्लवका अध्यक्ष अनिल गुरुङले बताए। प्रतियोगिता यही फागुन १२ गतेदेखि संचालन भएको थियो।




कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगावै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

के तपाईमा यौनसम्बन्धी समस्या छ

**पुरुषमा देखिने**:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ चिलाउने, सरुवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि ।

**महिलाहरुमा देखिने**:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

**मलद्धार सम्वन्धी रोग** : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्धारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्धार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरुको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

**जाँच्ने समय**: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५३९१९४, ९८४४३११९०६, ९८४६०४११३१

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१–५३२५०८, ०६१–५२०६५१, ०६१–५३७८५७, E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

समय विताउन चाहनुहुन्छ भने नमरेसम्म श्रम गर्नुहोस ।
– सास लिभोसन

## सम्पादकीय

# भ्रष्टाचारीप्रति कठोर बन

अख्तियार दुरुपयोग अनुसन्धान आयोगका काम कार्वाहीलाई लिएर प्रश्न उठ्ने गरेको छ । अख्तियारले साना माछा समातेर ठूला माछा छुन नसकेको आरोप लाग्ने गरेको छ । देशमा भ्रष्टाचार बढ्दै जाँदा कार्वाही पनि त्यही रफ्तारमा हुनुपर्ने जनअपेक्षा हो । अख्तियारका आयुक्तलाई घुस खाएको अभियोग लागेको छारक्षक नै भक्षक भएको भन्ने अवस्था आउनु दुखद हो । जनतामाझ गलत कुरा लैजाने तत्व पाएकाले सहि कुरा आउनुपर्ने जनमत छ । प्रमुख आयुक्त प्रेमकुमार राईले भ्रष्टाचार नियन्त्रणको कामलाई प्रभावकारी बनाउने  प्रमुख आयुक्त राईले नागरिक समाज र जनअपेक्षाअनुसार भ्रष्टाचार न्यूनीकरण र नियन्त्रणका लागि प्रभावकारी ढङ्गले काम गर्ने बताएका हुन् ।

नागरिकको अपेक्षा र मिडियाले उठाएका विषयलाई संविधान, अख्तियार दुरुपयोग अनुसन्धान आयोगसम्बन्धी ऐन र भ्रष्ट्राचार निवारण गर्ने ऐनको दायराभित्र रहेर विधि प्रक्रिया र कानूनसम्मत ढङ्गले काम गर्ने प्रतिबद्धता ब्यवहारबाट देखाउने गरे । नेपालमा राजनीतिक स्थिरता हुँदा भ्रष्टाचारमन कमी आउने अस्थिरता हुने बितिक्कै भ्रष्टाचार बढ्ने गरेको छ । सरकार अदल बदल गर्ने चक्र शुरु हुनथालेमा भ्रष्टाचारी र विचौलीया सक्रिय देखिन्छन् । नेपालमा कुनै पनि सरकारले पूरा अबधि काम गर्न पाएको छैन । जति बेला बहुमतको सरकार बनेर राजनीतिक स्थिरता हुने अपेक्षा गरेको हुन्छ त्यही बेला सत्तारूढ दलमा विभाजन हुन्छ । सरकार भत्काउने र बनाउने खेलमा आर्थिक दुरुपयोग हुन्छ । भ्रष्टाचार मौलाउने अस्थिरता भएको बेलामा हो । भ्रष्टाचार नियन्त्रण गर्ने संविधानले अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई अधिकार दिएको छ । अख्तियारमा  गत आर्थिक वर्ष मात्रै २५ हजार उजुरी परेको थियो । यसमा अध्ययन गरेर अख्तियारले ४४१ वटा मुद्दा दायर गरेको थियो । १८ वटा मुद्दा अकूत सम्पत्तिसँग सम्बन्धित थिए । उजुरीको संख्या बढ्ने-घट्ने भए पनि मुद्दा नै दायर गरिएको यो संख्या ऐतिहासिक हो । ट्रान्सपेरेन्सी इन्टरनेसनलले केही महिनाअघि सार्वजनिक गरेको प्रतिवेदनमा पनि नेपालमा घुस लिनेदिने दरमा कमी आएको उल्लेख गरेको थियो । जटिल राजनीतिक परिस्थति हुँदाहुँदै पनि प्राप्त यी उपलब्धिलाई सकारात्मक मान्नुपर्छ । तर अझै पनि यसमा मात्रै सन्तुष्ट भएर भने पुग्दैन ।

मुलुकमा संघीय लोकतान्त्रिक गणतन्त्र कार्यान्वयनमा आएसँगै जनताका हर प्रकारका समस्या स्थानीय स्तरमै सम्बोधन हुन थालेका छन् ।  सिंहदरबारको अधिकार स्थानीय तहमा आएको प्रचार खुबै भयो । जनताले स्थानीय सरकारका काम कार्वाही नजिकैबाट हेर्न पाए । अख्तियारमा परेको उजुरीमध्ये सबैभन्दा बढी स्थानीय स्तरमा भएको आर्थिक अनियमिततासँग सम्बन्धित छ । स्थानीय सरकारले आर्थिक अनुशासन पालना नगर्दा अख्तियारलाई गुहार्न पुग्छन् । स्थानीय सरकारले आफूलाई जनताको सेवक ठानेर काम गर्न जरुरी छ । जनताका गुनासालाई सकेसम्म छिटो सम्बोधन गर्नुपर्छ । वास्तविक अर्थमा सुशासन भनेको पनि यही नै हो । सुशासन र पारदर्शिताको सुरुवात पनि स्थानीय र जनता धेरै धाउनुपर्ने  कार्यालयबाट हुनुपर्छ । पदीय दुरुपयोगमा संलग्न जोसुकै भए पनि कारबाही गर्नुपर्छ । जनताका मागलाई सम्बोधन गर्न पनि  कर्मचारीको आचरणमा सुधार आवश्यक छ । सानो तहमा   जागिर खाएर करोडौं रकम कुम्ल्याउने प्रवृत्ति नेपालको प्रशासनवृत्तमा छ । साना माछा उपाधि दिने गरिएकाबाट जनता मारमा परेका छन । तिनले राजनीतिक संरक्षण पनि पाएका हुन्छन् । नीतिगत भ्रष्टाचार गर्ने ठूला माछा अख्तियारको फन्दामा पर्न नसकेको जनगुनासो छ । नीतिगत तथा अन्य ठूला प्रशासनिक भ्रष्टाचारमा संलग्नलाई चोख्याउने काम अख्तियार दुरुपयोग अनुसन्धान आयोगले नगरोस् भन्ने सबैको माग छ । अख्तियारको कार्य क्षेत्रको दायरा पनि स्पष्ट हुन आवश्यक छ । प्रशासनिक र नीतिगत निर्णयको परिभाषा स्पष्ट हुनुपर्छ । अख्तियारको अध्ययनलाई छल्ने बहानामा प्रशासनिक कामलाई पनि नीतिगत मानेर मन्त्रिपरिषद्बाट निर्णय गर्ने पद्धतिमा सुधार आवश्यक छ ।

मुख्य कुरा सुशासनका लागि राजनीतिक शुद्धीकरण आवश्यक छ । अर्थप्रशासनमा देखिएको विकृति न्यूनीकरणका लागि साझा प्रतिबद्धता आवश्यक छ । यसको मुख्य जिम्मेवार सरकार स्वयं बन्नुपर्छ । महालेखापरीक्षकका प्रतिवेदनले औंल्याएका कमजोरी सुधार्नेतर्फ ध्यानु दिनुपर्छ । जहाँ भ्रष्टाचार बढी हुन्छ, त्यहाँ नागरिक अधिकार कमजोर हुन्छ । भ्रष्टाचारले कानुनी शासनमा चुनौती थपिदिन्छ र स्वतन्त्र प्रेसलाई नियन्त्रण गरिदिन्छ । सुशासन र सदाचार प्रणाली स्थापित गराउन नागरिक संस्थाले पनि सहयोग गर्नुपर्छ । भ्रष्टाचार रोक्ने काममा अख्तियारले नागरिकको सहयोग लिने वातावरण बनाएमा भ्रष्टाचारीलाई कानुनी र सामाजिक कार्वाहीको दायरामा ल्याउन सकिनेछ ।


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : मन चञ्चल | तुला | : झमेला बढ्ने |
| वृष | : कार्यमा सफलता | वृश्चिक | : सहयोग मिल्नेछ |
| मिथुन | : शारिरीक झमेला | धनु | : ब्यापारमा लाभ |
| कर्कट | : मानसिक तनाब | मकर | : सम्मान मिल्नेछ |
| सिंह | : सत्कार मिल्नेछ | कुम्भ | : अप्रत्यसित लाभ |
| कन्या | : आर्थिक समस्या | मीन | : शत्रुको भय |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा, आखत, माटो हेर्नका लागि सम्झनुहोस् ।


# व्यवहारिक पाठ्यक्रमको आवश्यकता



**नवराज रेग्मी**
क्याम्पस प्रमुख
**भद्रकाली बहुमुखी क्याम्पस**

२०६६ सालमा स्थापना भएको पोखराको भद्रकाली बहुमुखी क्याम्पसमा त्रिभुवन विश्व विद्यालय अन्तर्गत बिए तथा बिबिएसको अध्ययन अध्यापन हुन्छ । करीब ३७५ विद्यार्थी अध्ययनरत क्याम्पसमा २२ शिक्षक कर्मचारी रहेका छन् । स्थापनाको छोटो समयमा नै क्याम्पसले यस क्षेत्रको शैक्षिक क्षेत्रमा महत्वपूर्ण भूमिका खेल्दै आएको छ । यसै सन्र्दभमा भद्रकाली बहुमुखी क्याम्पसका क्याम्पस प्रमुख नवराज रेग्मीसँग पोखरापत्र दैनिकाका दीपेन्द्र पहारीले गर्नुभएको कुराकानी :

**▶▶ क्याम्पस स्थापनाको उद्देश्य बताइ दिनोस न ?**

यस क्षेत्रमा न्युन आय भएकाहरुको लागि सर्वसुलभ शुल्कमा गुणस्तरीय शिक्षा प्रदान गर्न क्याम्पसको आवश्यकता महशुस गरी सामुदायिक क्याम्पसको रुपमा भद्रकाली बहुमुखी क्याम्पसको स्थापना भएको हो ।

**▶▶ हाल क्याम्पसको भूमिका कस्तो छ ?**

हाम्रो क्याम्पसबाट अध्ययन पुरा गरेका विद्यार्थीहरु देश विदेशका विभिन्न क्षेत्रहरुमा अब्बल साबित भईरहेकाले पनि क्याम्पसको समग्र भूमिका उत्साहजनक रहेको हामी पाउछौ ।

**▶▶ शिक्षा क्षेत्रलाई वर्तमान समाजसँग जोडेर हेर्दा कस्तो पाउनुभएको छ ?**

हामीले शिक्षामार्फत समुन्नत समाज निर्माण गर्न कोशिस गरिरहेका छौं । सोही हिसाबले समाजमा स्थिरता कायम हुनुपर्ने हो तर पछिल्लो समयमा समाजमा अव्यवस्था व्याप्त छ । अनि अर्को कुरा, राष्ट्रले खोजे जस्तो जनशक्ति निमार्ण गरी समाजलाई अघि बढाउन पनि फरक खालको शिक्षा नीति अवलम्बन गर्नुपर्ने हुन्छ । यो मामिलामा हामी धेरै पछि छौं ।

**▶▶ हालको पाठ्यक्रमलाई परिमार्जनको खाँचो छ र ?**

अहिलेको युग भनेको एक्सप्लोजन अफ नलेज र एक्सप्लोजन अफ पपुलेसन को हो । थोरै समय अगाडि र पछाडि पनि हामीले धेरै किसिमका चुनौतिहरु सामना गरिरहेका छौं । यस्तो परिवर्तनको युगमा हामी वर्षौ पुराना पाठ्यक्रम प्रयोग गरिरहेका छौ । यसमा समय अनुसार आमुल परिमार्जनको खाँचो छ ।

**▶▶ कस्तो शैक्षिक नीतिको परिकल्पना गर्नुहुन्छ ?**

अहिले शिक्षित युवाहरु शैक्षिक प्रमाणपत्र बाकसमा थन्काएर विदेशतिर जानुपर्ने बाध्यता छ । यसलाई रोक्न शिक्षा र समाजबीच रुपान्तरणको खाँचो छ । अबको एक मात्र विकल्प भनेको नै व्यवहारिक शिक्षा हो ।

**▶▶ पोखरा जस्तो पर्यटनको राजधानी शहरमा कस्तो शिक्षाको खाँचो छ ?**

पक्कै पनि पोखरा एक पर्यटकीय शहरका रुपमा आफ्नो पहिचान बनाइरहेको शहर हो । तर हाम्रो निश्चित कोर्षहरुमा पोखरा सम्बन्धी सामाग्री समाबेश हुन नसक्नु विडम्बना पनि हो । पर्यटकीय शहरमा चाहिने जनशक्ति निर्माण गर्न पाठ्यक्रम पनि सोही अनुसार हुनुपर्ने हुन्छ ।

**▶▶ अहिले विद्यार्थीको विषय छनौट प्रतिको मानसिकता कस्तो पाउनुभएको छ ?**

+२ पास गरेपछि साथीहरुको लहलहैमा लागेर विषय चुन्नुभन्दा थोरै जिम्मेवार भएर विषय छनौट गर्नु उपयुक्त हुन्छ । यसो गर्दा सही विषयको छनौटले भविष्यमा पछुतो पनि हुँदैन र ड्रप आउट रेट पनि घट्दै जान्छ ।

**▶▶ राम्रो नतिजा ल्याउन विद्यार्थीमैत्री वातावरणको कत्तिको आवश्यकता हुन्छ ?**

प्रत्येक शिक्षालयमा विद्यार्थीमैत्री वातावरणको आवश्यकता हुन्छ । चाहे प्रशासनिक कार्य होस् या सिकाई प्रक्रिया, सबैमा विद्यार्थीमैत्री वातावरणले महत्वपूर्ण भूमिका खेलेको हुन्छ । हाम्रो क्याम्पसमा शतप्रतिशत विद्यार्थीमैत्री वातावरण रहेको छ ।

**▶▶ यहाँको क्याम्पसका अरु विशेषताहरु के के छन् ?**

अनुभवी प्राध्यापक, कुशल प्रशासन, भौतिक पूर्वाधिरले सम्पन्न र कुनै अवरोध बिनाको शान्त वातावरण नै हाम्रा विशेषता हुन् । साथै बेलाबेलामा भिजिटिङ प्रोफेसर मार्फत अतिरिक्त ज्ञानसँगै सीपमैत्री वातावरणतर्फ पनि जोड दिएका छौं ।

**▶▶ शिक्षा क्षेत्रका चुनौतिहरु बारे बताई दिनोस् न ?**

सामुदायिक क्याम्पस भएकाले आर्थिक चुनौती त भई नै हाल्यो । त्यसबाहेक शैक्षिक प्रतिस्पर्धा अर्को चुनौतीको रुपमा खडा छ । यद्यपी, शिक्षकको मेहनत, विद्यार्थीको लगनशीलता, अभिभावकको विश्वास र समुदायको अपनत्वसँगै रचनात्मक सहयोगले नै ती चुनौतीहरु पार गर्दै शैक्षिक सफलताहरु प्राप्त गरिरहेका छौं ।

# पालिका र वडा थप गर्न सिफारिस

**पोखरापत्र संवाददाता**
**म्याग्दी, १५ फागुन**

जिल्ला समन्वय समितिको शुक्रबार सम्पन्न पाँचौं जिल्लासभाले स्थानीय तह र वडा थप गर्न सिफारिस गरेको छ ।

रघुगुङ्गा गाउँपालिकालाई विभाजन गरेर दुई बनाउन, अन्नपूर्ण र धवलागिरि गाउँपालिकामा दुई/दुई वडा वडा थप गर्न प्रदेश सरकारलाई जानकारी र सङ्घीय सरकारलाई सिफारिस गर्ने निर्णय गरेको हो । हाल छ स्थानीय तह रहेको जिल्लामा ४५ वडा छन् ।

सम्बन्धित पालिकाको गाउँसभाले गरेको निर्णयलाई जिल्लासभाले सिफारिस गरेको जिसस प्रमुख देवेन्द्र केसीले जानकारी दिनुभयो । धवलागिरिको सभामा वडा नं ४ मुदी र वडा नं ७ ताकमलाई दुई/दुई विभाजन गर्ने निर्णय भएको थियो । रघुगङ्गालाई दुई पालिकामा विभाजन गर्ने गाउँसभाको निर्णय कार्यान्वयनका लागि सिफारिस गर्ने जिल्लासभाले निर्णय गरेको छ । गत पुसको १५ गते भएको रघुगङ्गाको गाउँसभाले रघुगङ्गा नदीबाट पारिरहेका भूगोललाई समेटेर थप नयाँ गाउँपालिका बनाउनका लागिसमेत अनुरोध गर्ने निर्णय गरेको थियो । वडा नं ५ झिँ, वडा नं ६ पाखापानी र वडा नं ८ को कुइनेबस्तीलाई समेटेर पाखापानीमा केन्द्र रहने गरी नयाँ गाउँपालिका माग गर्ने निर्णय सिफारिसका लागि गाउँपालिकाका अध्यक्ष भवबहादुर भण्डारीले जिल्लासभामा प्रस्ताव गर्नुभएको थियो । यसैगरी ठूलो भूगोलमा छरिएका अन्नपूर्णको वडा नं ५ शिख र वडा नं ७ हिस्तानलाई विभाजन गरेर दुई/दुई वटा वडा बनाउन सिफारिस भएको छ । सेवा प्रवाहमा नागरिकको सहज पहुँच र विकास निर्माणलाई व्यवस्थित गर्न वडा विभाजनको सिफारिसका लागि अन्नपूर्णका अध्यक्ष डमबहादुर पुनले प्रस्ताव गर्नुभएको थियो । जिल्लासभाले हिमाली जिल्लाको मापदण्ड लागू गरेर सेवासुविधा लाग गर्न सङ्घीय सरकारलाई माग गरेको छ । गत वर्ष जिल्लालाई हिमाली जिल्लामा सुचीकृत गरिए पनि आरक्षण कोटा, कर्मचारीको सेवासुविधा र अन्य विषयमा लागू भएको छैन । पहिरोपीडितको घर पुनःनिर्माणका लागि भने हिमाली जिल्लाको सुविधा कार्यान्वयन भएको छ । सभाले गत आर्थिक वर्षमा भएका गतिविधि समेटिएको प्रगति प्रतिवेदन, चालू आर्थिक वर्षको बजेट स्वीकृत गर्नुका साथै प्रदेश सरकारबाट आउने बजेटको योजनातर्जुमा र कार्यान्वयन गर्ने अधिकार समन्वय समितिलाई दिने निर्णय गरेको छ ।

जिसस कोष र स्थानीय तहको साझेदारीमा सञ्चालित आयोजना कार्यान्वयनमा तदारुकता दिने, स्थानीय तहले गौरवका आयोजना अनुगमनका लागि जिससलाई विवरण उपलब्ध गराउने र विभिन्न विकास आयोजना सम्बद्ध प्रदेश तथा सङ्घ सरकारका मन्त्रालयमा माग गर्ने निर्णय पनि गरेको छ ।

# हल्का वर्षाको सम्भावना

**रासस**
**काठमाडौं, १५ फागुन**

पश्चिमी वायुको प्रभावले देशका पहाडी भू-भागमा आंशिकदेखि सामान्य बदली रही केही स्थानमा मेघगर्जनसहित हल्का वर्षा हुने भएको छ ।

पश्चिमी वायुको आंशिक प्रभावले शनिबार पहाडी भूभागमा आंशिकदेखि सामान्य बदली भई एक-दुई स्थान मेघगर्जन चट्याङसहित हल्का वर्षाको सम्भावना रहेको मौसमविद् राजु प्रधानाङ्गले जानकारी दिनुभयो । उहाँका अनुसार पश्चिमी वायु कमजोर रहेकाले ठूलो वर्षा सम्भावना रहेको छैन । हाल देशका पहाडी भूभागमा आंशिकदेखि सामान्य बदली रही अन्य भू-भागमा मौसम सामान्यतया सफा रहेको छ । तराईका केही स्थानमा हल्का हुस्सु/कुहिरो लागेको छ । दिउँसो देशका पहाडी भू-भागमा आंशिकदेखि सामान्य बदली रही एक-दुई स्थानमा मेघगर्जन चट्याङसहित हल्का वर्षाको सम्भावनाका साथै देशको उच्च पहाडी तथा हिमाली भू-भागका केही स्थानमा हल्का हिमपातको सम्भावना रहेको बताइएको छ ।

मौसम पूर्वानुमान महाशाखाको पछिल्लो विवरणअनुसार शनिबारकाठमाडौं उपत्यकाको न्यूनतम तापक्रम १२ दशमलव पाँच डिग्री र अधिकतम तापक्रम २४ दशमलव सात डिग्री सेल्सियस रहेको छ । त्यस्तै शनिबार सबैभन्दा कम जुम्लाको न्यूनतम तापक्रम शून्य दशमलव ९ डिग्री सेल्सियस रहेको छ ।

# म्याग्दीका वनपाखामा असरल्ल तामाखानी

**रासस**
**म्याग्दी, १५ फागुन**

झन्झिटिलो कानूनी प्रावधान र आधुनिक उपकरणको अभावले जिल्लाका तामाखानी सञ्चालनमा आउन सकेका छैनन् । धवलागिरि, मालिका र रघुगङ्गा गाउँपालिकाका विभिन्न ठाउँमा रहेका १७ ठूला तामाखानी रहेका बताइएको छ ।

रघुगङ्गा- ६ मा पर्ने ठाडाखानी गाउँको शिरानमा पर्ने रुमले, धौलागिरि- ५ मल्कबाङको मल्काबाङे भीर , मालिकाको ओखरबोट र  बेनी नगरपालिका- ३ को चिनाखेत भीरमा रहेका १७ तामाखानी प्रयोगविहीन बनेका हुन् । यसले स्थानीय सरकारले करोडौंको राजस्व गुमाउनुका साथै स्थानीय आयआर्जन गर्नबाट बञ्चित भएका छन् । यहाँका विशाल तामाखानी वर्षौंदेखि अलपत्र अवस्थामा रहेका छन् । आजभन्दा १०६ वर्षअघि विसं १९७१ मा बन्द भएको रुमले भिरको विशाल तामाखानी सञ्चालनमा अझैसम्म पनि स्थानीय र प्रदेश सरकारले कुनै चासो नदेखाएको स्थानीयले बताएका छन् ।

यसैगरी वर्षौंदेखि प्रयोगविहीन भएका धौलागिरि- ५ मल्कबाङका तामाखानी पनि पुरिन थालेका छन् । करीब १०० वर्ष पहिला स्थानीयवासीले तीनै खानीबाट तामा निकालेर घरयासी भाडावर्तन बनाउने गर्दथे । बाहिरबाट तामाका भाँडा खरीद गर्नुपर्ने थिएन ।

तत्कालीन सरकारले खानी उत्खनन् गर्नेबाट कर लिन थालेपछि खानी बन्द भएका हुन् । मल्कबाङ गाउँमा मात्र एक दर्जनभन्दा बढी तामाखानी छन् । खानी उत्खनन् गर्नु स्थानीय छन्त्याल जातिको पुख्यौंली पेशा हो । गाउँदेखि माथिका पहाडमा तत्कालीन समयमा तामा उत्खनन गरेका सुरुङ छन् ।

# घुम्टेको विकास र मूर्तिकला सङ्ग्रहालय बनाउन बहस

**पोखरापत्र संवाददाता**
**बागलुङ, १५ फागुन**

बागलुङको गलकोटका दुई पर्यटकीय क्षेत्रको विकासका लागि एकमुष्ट साझेदारीको बजेट विनियोजन भएपछिसरोकारवालाबीच बहस शुरु भएको छ ।

गलकोट नगरपालिका-५ टेउवामा राष्ट्रिय मूर्तिकला सङ्ग्रहालय निर्माण र गलकोटकै पहिचान घुम्टेको धुरी जोड्ने पहुँच मार्ग निर्माणका लागि एकमुष्ट बजेट विनियोजन भएको छ । दुईवटा योजनाको समानान्तर विकास र प्रभावित क्षेत्रका सर्वसाधारणको हितमा हुने गरी काम थाल्न गलकोट नगरपालिकाले सर्वपक्षीय छलफल थालेको हो । टेउवामा अन्तर्क्रिया गरेर वडा कार्यालयले सरोकारवालासँग सुझाव सङ्कलन गरेको छ । संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले गलकोट नगरपालिकासँग ६०/४० को अवधारणाअनुसार बजेट विनियोजन गरेको छ । दुवै योजनाका लागि रु सात करोड विनियोजन भएपछि कुन योजनाको काम पहिले गर्ने भन्ने विषयमा आन्तरिकरुपमा विवाद नहोस् भनेर छलफल थालेको वडाले जनाएको छ । घुम्टे र मूर्तिकला सङ्ग्रहालयले गलकोटसँगै गण्डकी प्रदेशकै पर्यटन प्रवर्द्धन हुने भन्दै दुवै योजनाको समानान्तर विकासका लागि पहल थालिएको नगरप्रमुख भरत शर्मा गैरेले बताउनुभयो । उहाँले मूर्तिकला सङ्ग्रहालय र घुम्टेलाई जोडेर विकास गर्नाले गलकोटका जनताको आर्थिक अवस्था समृद्धि हुने बताउनुभयो ।

सङ्ग्रहालय र घुम्टेको पूर्वाधार निर्माणको लागि निर्माण गरिएको डिपिआरअनुसार कार्ययोजना बनाएको उहाँले बताउनुभयो । गलकोट कला प्रतिष्ठानका अध्यक्ष क्याप्टेन पूर्णबहादुर रानाले सरकार तथा आमनागरिकको साझा लगानीमा निर्माण गरिएकाले सङ्ग्रहालयको संरक्षण गर्ने जिम्मेवारी सबैको रहेको बताउनुभयो ।

# क्रिकेट खेलमैदान नहुँदा खेल खेलाउन कठिन

**पोखरापत्र संवाददाता**
**दमौली, १५ फागुन**

तनहुँमा व्यवस्थित खेलमैदान नहुँदा क्रिकेट खेलाउन कठिनाई हुँदै आएको छ ।

जिल्लाका कुनै पनि स्थानमा व्यवस्थित खेलमैदान नहुँदा पछिल्लो समय लोकप्रिय बन्दै गइरहेको क्रिकेट खेलाउन कठिनाइ भएको हो । गत वर्षदेखि दमौलीमा परिवर्तन नेपाल तनहुँ संस्थाले क्रिकेट प्रतियोगिता आयोजना गर्दै आइरहेको छ । संस्थाका अध्यक्ष प्रवीण पौडेलले खेलमैदान नहुँदा समस्या भइरहेको बताउनुभयो । “क्रिकेट खेलतर्फ आकर्षण बढ्दो छ तर खेलमैदान छैन, जसोतसो अहिलेकै खेलमैदानमा खेलिरहेका छौँ”, उहाँले भन्नुभयो, “व्यवस्थित क्रिकेट खेलमैदान निर्माणतर्फ सरोकारवालाको ध्यान जान आवश्यक छ ।” गत वर्ष व्यास नगरपालिका-३ स्थित बिपी वनवाटिका खेलमैदानमा क्रिकेट प्रतियोगिता आयोजना गरिएको थियो । “दमौलीमा क्रिकेटको राम्रो सम्भावना छ, तर खेलमैदान छैन”, उहाँले भन्नुभयो, “जसोतसो युवाहरू खेलिरहेका छन् ।”


**बडा मजाको आयुर्वेदिक**

१. मोटोपन घटाउन/ बढाउन
२. यौन शक्ति बढाउन/शीघ्र स्खलन रोक्न
३. पेटको सेतो धर्सा हटाउन, योनी टाईट गर्न
४. स्तन घटाउन/ बढाउन/टाइट गर्न
५. कपाल झर्न रोकी पुनः उर्मान
६. अनुहारको चायाँ, पोतो, डण्डिफोर हटाउन
७. जाँडरक्सी चुरोटको कुलत छुटाउन-
८. शरीरको हाइट बढाउन
९. लेडिज/ जेन्स सेक्स टोय पनि पाइन्छ ।

सम्पर्क: सिर्जनाचोक, पोखरा
मो. ९८४८७०५९४८, ९८४३६०८५१३



**भाडामा**

जुनसुकै व्यवसायका लागि उपयुक्त हल वा अफिस स्पेस भाडामा छ ।
भाडा: रू ७००० देखि ११,००० सम्म
चिप्लेढुङ्गा मै गर्नुस र पो चल्छ

**WOW Plaza**
देउराली गल्ली, चिप्लेढुङ्गा
मो. ९८५६०२१८२०

# धार्मिक पर्यटनका धेरै सम्भावना बोक्दै आँधिमूल

–वासुदेव पौडेल
गण्डकी, १५ फागुन(रासस)

पृथ्वी राजमार्गअन्तर्गत आबुखैरेनी गाउँपालिकाको वडा नं १ सत्रसय फाँटबाट १५ मिनेटमा नै पुग्न सकिने धार्मिक पर्यटकीय गन्तव्य हो आँधिमूल। प्यागोडाशैलीको मन्दिर, पार्क, दुई वटा पोखरी र माछाको आकृतिका २३ वटा धारालगायतका संरचनाका कारण यहाँ आउने जो कोहीको मन लोभ्याउने गरेको छ। कञ्चन पानी रहेको पोखरीमा ठूलै सङ्ख्यामा खेलिरहेका माछाले जस्तासुकै तनावमा रहेको मानिसको पनि मन शान्त तथा आनन्दित बनाउनु यहाँको विशिष्टता हो। मनले चिताएको पुग्ने जनविश्वासका कारण यसको गरिमा र महत्व अझै बढ्दै गएको आँबुखैरेनी गाउँपालिका-१ का वडा अध्यक्ष किसन थापाले बताउनुभयो।

पछिल्ला वर्षमा पर्यटकको बढ्दो आकर्षणसँगै यसलाई धार्मिक पर्यटकीय गन्तव्यका रुपमा विकास गर्ने सोचका साथ आफूहरू सक्रियताका साथ लागेको उहाँले बताउनुभयो। पर्यटक लक्षित गरी स्थानीय युवाले पनि होटेल व्यवसायमा लगानी बढाउन शुरु गरेका छन्। "आँधिमूल पर्यटकको गन्तव्यस्थल बन्दै गएको छ, हामीले ओझेलमा पर्दै गएका पर्यटकीय क्षेत्रको पहिचान, प्रचारप्रसार गर्दै यसको विकासका लागि काम अघि बढाएका छौँ", वडाध्यक्ष थापाले भन्नुभयो। पछिल्ला वर्षमा स्थानीय तहका साथै गण्डकी प्रदेशले पनि यसको विकासलाई चासो दिएको छ। आँधिमूलमा तनहुँ, कास्की, गोरखा, लमजुङलगायत आसपासका जिल्लाका साथै देशका विभिन्न भागबाट दर्शनार्थी आउने गरेको मन्दिरका पुजारी युवराज मास्के मगरले जानकारी दिनुभयो। यहाँ दर्शन गरेमा मनले चिताएको पुग्ने जनविश्वासका कारण पनि दर्शनार्थीको आकर्षण बढ्दै गएको उहाँको भनाइ छ।

मन्दिरको उत्पत्ति सम्बन्धमा विभिन्न रोचक तथ्य रहेको बताउँदै उहाँले एक किंवदन्तीअनुसार परापूर्व कालमा एक जना बज्यै र उहाँकी नातिनी गाई चराउन यस ठाउँमा आएछन्। नातिनीलाई प्यास लागेछ। पानी खोज्दै जाँदा यहाँ छिपछिप पानी भेटिएछ र प्यास मेटिछन्। मगर भाषामा आँ भनेको प्यासअर्थात् तिर्खा र डि भनेको पानी भनिने भएको भएकाले तिर्खा मेटाउने पानी रहेको स्थानका कारण यसको नाम आँडिमूल भएको र पछि अपभ्रंस भई आँधिमूल भन्ने गरिएको तर्क छ। यसको वास्तविक पहिचान आँडिमूल भएकाले आगामी दिनमा ठाउँको नाम आँडिमूल नै भन्नुपर्ने स्थानीयवासी बताउँछन्।त्यस्तैअर्कोकिंवदन्तीअनुसार परापूर्वकालमा मावली भेट्न आउदै गरेकी चेलीबीच बाटोमा पर्ने जङ्गलको बिचमा आइपुग्दा ठूलो आँधिबेहरी आएछ। आँधिबाट जोगिन यस स्थानमा रहेको चापको रुखको फेदमा रहेको ओडारमा ओत लाग्न पुग्दा त्यही अलप भइछन्। पछि सपनामा आफन्तलाई रुखको फेदमा आँधिमूल बाराही रहेको र त्यहाँ नित्य नसके पनि पूर्णिमाको दिन धुप दीप गरी पूजाअर्चना गर्नु भन्ने आदेश भएछ। सो स्थानमा उत्खनन गर्दा शिला (बाराही) उत्पन्न भएपछि सोही रुखको फेदबाट निस्किएको पानीको मूललाई पोखरीको रुपमा परिणत गरियो। सोही समयबाट आँधिमूल बाराही र पोखरीमा उत्पन्न भएका माछा (मत्स्य अवतार) लाई यहाँका बासिन्दाले पुज्दै आएको जनविश्वास छ। पोखरी नजिकैको वनलाई संरक्षित वनको रुपमा संरक्षण गर्नुपर्ने, पोखरी रहेको माछालाई हुचिल र सर्पबाट जोगाउनु पर्ने, केटाकेटी र वस्तुभाउबाट जोगाउनु पर्ने, माछालाई चाराको व्यवस्थापनमा ध्यान पुऱ्याउनुपर्ने तथा मन्दिर क्षेत्रमा बढ्दै गएको फोहोरमैला उचित व्यवस्थापन गर्नुपर्ने देखिएको छ।

दर्शनार्थीले विभिन्न कामना गर्दै यहाँ आएर परेवा उडाउने, बोका तथा कुखुराको बलि दिने गर्दछन्। पछिल्ला दिनमा आँधिमूल बाराही देवीको पूजा तथा दर्शन गर्न आउँछन् भने कतिपय अवलोकन भ्रमणका लागि आउने गरेका छन्। स्थानीय तहका साथै प्रदेशबाट पनि आँधिमूलको प्रवर्द्धन र विकासमा चासो दिएसँगै आगामी दिनमा यहाँको थप विकास हुने आशा जगाएको स्थानीवासीले बताए। नेपाल सरकारले देशभरबाट १०० पर्यटकीय गन्तव्य सार्वजनिक गरेपछि गण्डकी प्रदेश सरकारले पनि प्रदेशमा रहेका ११० पर्यटकीय गन्तव्य सार्वजनिक गरेको थियो। गण्डकी प्रदेशको उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयले प्रदेशका ११ जिल्लाबाट प्रत्येक जिल्लाका १०/१० पर्यटकीय गन्तव्यको पहिचान गर्दै पर्यटन प्रवर्द्धन हुने गरी पर्यटनको पूर्वाधार विकासमा बजेटसमेत विनियोजन गर्दै आएको छ। प्रदेश सरकारले तनहुँ जिल्लामा आँधिमूल बाराहीसहित बन्दीपुर, देवघाटधाम, ढोरबाराही, छाब्दी बराही, व्यास गुफा, घाँसी कुवा, तनहुँसुर कालिका तथा दरवार क्षेत्र, भानुभक्त जन्मस्थान, छिम्केश्वरी मन्दिर, बूढी देवता मन्दिर र मिर्लुङकोटलाई पर्यटकीय गन्तव्य घोषणा गरेको छ।

यस क्षेत्रको संरक्षण र विकासका लागि प्रदेश एवं स्थानीय तहको सहकार्यमा रु १५ लाख विनियोजन गरी तारबारलगायतका काम गरिएको आँबुखैरेनी गाउँपालिकाका उपप्रमुख पुष्पादेवी श्रेष्ठले जानकारी दिनुभयो।

यस क्षेत्रको संरक्षण र विकासका लागि आँधिमूल युवा क्लबका साथै यहाँको आँधिमूल महिला समूहले पनि उत्तिकै चासो दिएको छ। आँधिमूल महिला समूहले विसं २०५४ मा यहाँस्थित पानीको कुण्डभित्र शिवलिङ्ग स्थापना गरेको समूहकी संस्थापकसमेत रहनुभएकी उपप्रमुख श्रेष्ठले बताउनुभयो।

पृथ्वी राजमार्गको सत्रसयदेखि आँधिमूलसम्मको मार्गलाई कालोपत्रे गर्ने तयारीका साथै हावाहुरी आउँदा र पानी परेको समयमा बस्न सहज बनाउने उद्देश्यले ट्रष्ट निर्माण गरिएको छ। जङ्गलको खोचमा अवस्थित यस तीर्थस्थलमा पर्यटक सवारी साधनबाट सहजै पुग्न सक्दछन्। हिँड्न रुचि राख्ने पर्यटक आधा घण्टाको पैदलमार्ग हुँदै पुग्न सक्ने स्थानीयवासी गाउँकार्यपालिका सदस्य सरस्वती अधिकारीले जानकारी दिनुभयो।

उहाँका अनुसार पछिल्ला वर्षमा विशेषतः सार्वजनिक बिदाको दिनमा मानिस यस स्थानमा घुम्न र वनभोजका लागि पर्यटक आउने गरेका छन्। यहाँको मनोरम दृश्यले आन्तरिक एवं बाह्य पर्यटकको मन लोभ्याउने गरेको छ। प्राचीनकालदेखि नै यहाँस्थित रुखको फेदमा आँधिमूल बाराहीको पूजा गरिँदै आइएकोमा विसं २०३५ मा स्थानीय पाकुली परियारको विशेष सक्रियतामा मन्दिर निर्माण गरिएको थियो। परापूर्वकालदेखि नै हरिबोधनी एकादशीका दिन फूलको डोली ल्याएर विसर्जन गर्ने एवं मन्दिर परिसरमा तोरण टाङ्ने कार्य चलिआएको छ। जल, जङ्गल, जमिनलाई पुज्दै आएका स्थानीय मगर समुदायले खेतबारीमा बाली लगाउने र भित्र्याउने समयमा पनि पूजाआजा गर्ने गरेका छन्।

प्राकृतिक एवं सांस्कृतिक रुपमा आँधिमूल र आसपासको क्षेत्रको महत्व रहेको पर्यटनविद् हरिसिंह गुरुङले बताउनुभयो। "यहाँको प्रकृति र संस्कृतिलाई जोड्दै आँधिमूललाई धार्मिक पर्यटनको आकर्षक गन्तव्य बनाउन सकिने धेरै सम्भावना छ", उहाँले भन्नुभयो।

आँबुखैरेनी गाउँपालिकाका प्रमुख गिरबहादुर थापाले यस क्षेत्रको विकासलाई गाउँपालिकाले महत्व दिएको बताउँदै यसका लागि सबैको साथ र सहयोग अपरिहार्य हुने बताउनुभयो। आँधिमूलको पर्यटकीय सम्भावनालाई उजागर गर्न विभिन्न सङ्घ संस्थाले पनि चासो दिँदै आएका छन्। यहाँको पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले नेपाल आदिवासी जनजाति पत्रकार महासङ्घ (फेनिज) गण्डकी प्रदेशले हालै आँबुखैरेनी गाउँपालिकाको पर्यटन प्रवर्द्धनमा सञ्चारको भूमिका विषयक अन्तर्क्रिया कार्यक्रम आँधिमूलमा नै सम्पन्न गरेको फोनिज गण्डकीका अध्यक्ष एमवि आस्थाले बताउनुभयो। "आँधिमूलको पर्यटकीय सम्भावनालाई उजागर गर्न पनि हामीले यसै ठाउँमा अन्तर्क्रिया गरेका हौँ", उहाँले भन्नुभयो, "यस्ता पर्यटकीय सम्भावनायुक्त स्थानको प्रवर्द्धनमा फोनिजको सधैँ साथ र सहयोग रहने छ।"

# म्याग्दीका गाउँलाई शहरसँग जोड्न १३ पक्की पुल बन्दै

पोखरापत्र संवाददाता
गलेश्वर, १५ फागुन

हिमाली जिल्ला म्याग्दीका ग्रामीण बस्तीलाई शहरसँग जोड्न विभिन्न स्थानमा १३ पक्की पुल निर्माण गर्न थालिएको छ।

एक नगरपालिका र पाँच गाउँपालिका रहेको म्याग्दीका ग्रामीण बस्तीलाई शहरसँग जोड्ने गरी सडकको पहुँच पुऱ्याउन गण्डकी प्रदेश र सङ्घ सरकारले १३ पक्की पुल निर्माण गर्न लागेको हुन्।

प्रदेश सरकारअन्तर्गतको भौतिक पूर्वाधार विकास कार्यालय म्याग्दीले १०, सङ्घीय सरकारअन्तर्गतको सडक डिभिजन कार्यालय बागलुङले दुई र राष्ट्रिय पुनःनिर्माण प्राधिकरण जिल्ला आयोजना कार्यान्वयन एकाइमार्फत एक पक्की पुल निर्माण गर्न लागिएको पूर्वाधार विकास कार्यालयका प्रमुख नवराज पौडेलले जानकारी दिनुभयो। पौडेलका अनुसार पूर्वाधार विकास कार्यालय मार्फत निर्माण हुने तीन पुल आगामी जेठ महिनासम्म सम्पन्न गर्ने लक्ष्य छ। अन्नपूर्ण गाउँपालिकाको हिस्तान र राम्चेलाई जोड्ने सन्सारी खोला पुल, मालिका गाउँपालिका केन्द्र दरवाङको छ्यारछेरेको म्याग्दी खोलामा निर्माण हुने पुल र मराङ बैँसी अर्कला पुल जेठ महिनाभित्र निर्माण सम्पन्न गर्ने लक्ष्य छ। सोही लक्ष्यलाई पछ्याउँदै अहिले यी तीनवटा पुलमा धमाधम काम भइरहेको छ।

यसैगरी मङ्गला गाउँपालिकाको केन्द्र बाबियाचौरदेखि वडा नम्बर ५ अर्मनलाई गाउँपालिका केन्द्रसँग जोड्न म्याग्दी खोलामा बन्न लागेको पुल पनि निर्माणाधीन अवस्थामा छ। रु ११ करोड २४ लाख २५ हजार ५२ लागतमा म्याग्दीखोलामा पक्की पुल बनाउन लागिएको हो। असी मिटर लम्बाइ रहने यो पुल दुई वर्षमा सक्ने गरी २०७५ पुस २५ गते लुम्बिनी प्राकृतिक जेभीसँग ठेक्का सम्झौता भएको सडक डिभिजन कार्यालय बागलुङले जनाएको छ। कार्यालयका अनुसार यो पुलको भौतिक प्रगति ६५ प्रतिशत छ। आगामी एक वर्षभित्र दुवै पुलको निर्माण सक्ने गरी यतिखेर धमाधम काम भइरहेको छ।

बेनी नगरपालिका-४ सिङ्गादेखि मङ्गला गाउँपालिकाको वडा नम्बर ३ वरङ्जालाई जोड्ने गरी म्याग्दी खोलामा पक्की पुल निर्माणाधीन छ। यो पुलको कूल लागत रु १० करोड ७२ लाख १२ हजार छ। यो पनि लुम्बिनी प्राकृतिक जेभीले बनाउन लागेको हो। अहिलेसम्म पुलको ६० प्रतिशत भौतिक प्रगति भएको छ।

पूर्वाधार विकास कार्यालय म्याग्दीले निर्माण गर्न लागेको मालिका-७ भारबाङघाट सडक पुलको ४५ प्रतिशत भौतिक प्रगति भएको कार्यालयले जनाएको छ। भारवाङको पुल निर्माण गर्न देव एण्ड सायर बिएन जेभीसँग रु छ करोड २४ लाख २३ हजारमा ठेक्का सम्झौता भएको थियो। उता पश्चिम म्याग्दीको मालिका-५ र धौलागिरि-७ को सिमाना दाङखोलामा पनि पक्की पुल निर्माण गरिने भएको छ। यो पुलका लागि इन्द्रेणी फेवा जेभीले रु एक करोड ९३ लाखमा ठेक्का सम्झौता गरेको छ।

बिमदेखि मराङ र मल्कबाङलाई जोड्ने अर्कलामा निर्माणाधीन पक्की पुलको पनि ३५ प्रतिशत भौतिक प्रगति भएको पूर्वाधार विकास कार्यालयले जनाएको छ। रु दुई करोड ७२ लाखमा फेवा सावित्री जेभी पोखरासँग एकवर्ष अघि ठेक्का सम्झौता भएको थियो। यसरी म्याग्दीका विभिन्न बस्तीलाई शहरसँग जोड्ने गरी धमाधम पुल निर्माण कार्यले गति लिन थालेपछि स्थानीयमा उत्साह जागेको छ। "अब हामी पनि शहरदेखि टाढा छैनौँ भन्ने महसुस हुन थालेको छ", मालिका गाउँपालिका-२ ताकमका शेरबहादुर विकले भन्नुभयो, "गाउँगाउँमा मोटर गुड्न थालेपछि बल्ल विकास भनेको यस्तो हुँदो रहेछ भनेर बुझिँदै छ।"

# सहकारीमार्फत होटल सञ्चालन

पोखरापत्र संवाददाता
म्याग्दी, १५ फागुन

अन्नपूर्ण गाउँपालिका-५ खोपारामा सहकारी संस्थामार्फत होटल सञ्चालन गरिएको छ। खोपारामा ४० जना क्षमताको २० कोठे होटल सञ्चालन गरेको पाउद्वार पर्यटन सहकारी संस्थाले पदमार्ग शुरु गर्ने तयारी गरेको छ।

पर्यटनको लाभ समुदायमा पुऱ्याउन नेपालमै पहिलो पटक नयाँ अवधारणामा होटल सञ्चालन गरिएको सहकारीका अध्यक्ष राजेश तिलिजा पुनले बताउनुभयो। "राष्ट्रिय आविश्कार केन्द्रका अध्यक्ष महावीर पुनको अवधारणाअनुसार नेपालमै पहिलो सहकारीबाट होटल चलाएका हौँ", उहाँले भन्नुभयो, "पाउद्वारलाई केन्द्रित गरेर वरपरका पर्यटकीयस्थललाई समेटेर नयाँ पदमार्ग सञ्चालनको तयारी गरेका छौँ।" यसअघि पाउद्वार मावि र हिमाञ्चल माविले खोपारा लेकमा सञ्चालन गर्दै आएको सामुदायिक होटललाई सहकारी मातहत ल्याइएको हो। होटलका संरचनाको मूल्याङ्कन गरेर २५ प्रतिशत पाउद्वार माविका निजी स्रोतका शिक्षकको तलबका लागि अक्षयकोष बनाउने सम्झौता भएको छ। गाउँपालिकामा पहिलो पटक दर्ता भएर यही फागुन ११ गतेदेखि सञ्चालन भएको सहकारीमा हाल पाउद्वारका १२३ जनाले रु ८८ लाख शेयर लगानी गरेका छन्। गाउँमा बचत, ऋण लगानी र आर्थिक क्रियाकलापका साथै होटलमा जनशक्ति परिचालन गर्नेदेखि आम्दानी खर्चको विवरण सबै सहकारीमार्फत गरिने भएको छ।

होटलको आम्दानीलाई सञ्चालन खर्च कटाएर मुनाफाका रुपमा शेयर सदस्यलाई वितरण गरिनेछ। विद्यालयअन्तर्गत सञ्चालन गर्दा व्यवस्थापनमा समस्या देखिएपछि सहकारी मातहत ल्याइएको अध्यक्ष तिलिजाले बताउनुभयो। विसं २०७६ मङ्सिर महिनादेखि प्रस्तावित सहकारीलाई होटल व्यवस्थापनको जिम्मा लगाइएको थियो। सहकारी मातहत आएको एक वर्षको अवधिमा होटलले रु ३१ लाखको कारोवार गरेको छ। बाह्र कोठे होटलको क्षमताले पाहुनाको चाप थेग्न नसकेपछि रु २६ लाख खर्चेर आठ कोठे नयाँ भवन निर्माण गरेर क्षमता बढाएका छन्। पहाडको शिरमा भिरालो भूगोलमा अवस्थित खोपाराबाट सूर्योदय, हिमाल, वनजङ्गलको मनोरम दृष्य अवलोकन गर्न सकिन्छ। खोपारा क्षेत्रमा परिएको चौरी र भेडापालन यहाँको थप आकर्षण भएको सामुदायिक लजका कर्मचारी आदेश तिलिजाले बताउनुभयो।

# ऋषिङमा सांस्कृतिक महोत्सव हुने

पोखरापत्र संवाददाता
तनहुँ, १५ फागुन

जिल्लाको ऋषिङ गाउँपालिका-६ गोठादीमा पाँचौँ ऋषिङ सांस्कृतिक महोत्सव हुने भएको छ।

आयोजक समितिले आज दमौलीमा पत्रकार सम्मेलन गरी फागुन २८ देखि चैत १ गतेसम्म तीन दिन सांस्कृतिक महोत्सवको आयोजना गरिएको जानकारी गराएको हो।

कार्यक्रमको आयोजकमा स्थानीय झोर्ले गणेश युवा क्लब तथा सहआयोजकमा लाङ्घाली युवा क्लब छ। कार्यक्रममा दुई दर्जन बढी सङ्घसंस्था सहयोगी संस्थाका रूपमा सहभागी हुँदैछन्। संस्कृतिबाट पर्यटन क्षेत्रको उत्थान हुने सम्भावना देखिएकाले विगत पाँच वर्षदेखि निरन्तर हुँदै आएको छ। महोत्सवका प्रवक्ता दानबहादुर आलेका अनुसार पर्यटन तथा स्थानीय कलाकारलाई प्रवर्द्धन गर्ने उद्देश्यले कार्यक्रम आयोजना गरिएको हो। उहाँले भन्नुभयो, "महोत्सवमा ग्रामीण क्षेत्रमा उत्पादन गरिएका कृषिजन्य वस्तुको समेत बिक्री वितरण व्यवस्था मिलाइनेछ।" जिल्लाको दक्षिण भेगमा पर्ने यस पालिका प्राकृतिकरूपमा सुन्दर धार्मिक, ऐतिहासिक र सांस्कृतिक दृष्टिकोणले समेत प्रचुर सम्भावना बोकेको छ। आदिवासी जनजातिको बाहुल्यता रहेको यस क्षेत्र सांस्कृतिकको खानीका रूपमा परिचित हुँदै आएको महोत्सव मूल आयोजक समितिका संयोजक शम्भु थापाले बताउनुभयो। रानीपोखरी, गढीदरबार, कोटदरबार जस्ता ऐतिहासिकस्थल रहेका छन् भने अजम्बरी माई, दुर्गा भवानी, ज्यामिरे माई, कल्याणदेवी, गङ्गेश्वर महादेव मन्दिर र दुबुङ भ्यूटावरलगायतका थुप्रै धार्मिक तथा पर्यटकीयस्थल छन्। सांस्कृतिक झाँकीसहितको प्रभातफेरी, विभिन्न जातजातिको स्थानीय सांस्कृतिक कार्यक्रम तथा नाच, स्थानीय तथा लोकप्रिय कलाकारको प्रस्तुति, राष्ट्रियस्तरमा चर्चित बाल कलाकारको प्रस्तुति, हाँस्य कलाकारको मनोरञ्जनात्मक कार्यक्रम, मगर जातिको प्रचलित लोपोन्मुख रोदीको झलक, स्थानीय खानाको परिकार, रोटेपिङलगायत मुख्य आकर्षण रहेको महोत्सव आयोजक समितिले जनाएको छ।

महोत्सवमा राष्ट्रियस्तरमा चर्चित बाल कलाकार कमला घिमिरे, मुना मगरलगायतको सहभागिता रहेकाले महोत्सव रोचक बन्ने अपेक्षा गरिएको छ। महोत्सवमा २० हजार दर्शकको सहभागिता रहने र करिब रु १५ लाख बराबरको आर्थिक कारोवार गर्ने लक्ष्य रहेको आयोजक समितिले जनाएको छ।

# 'एग्रो कृषि टुरिजम क्षेत्र' पर्यटन प्रवर्द्धन गरिँदै

पोखरापत्र संवाददाता
तनहुँ, १५ फागुन

तनहुँ, १५ फागुन (रासस) : जिल्लाको व्यास नगरपालिका-१० ले आफ्नो वडामा पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले 'कृषि एग्रो टुरिजम क्षेत्र' बनाउने गरी निर्माण कार्य अघि बढाएको छ।

देवीडाँडा पर्यटन प्रवर्द्धन विकास समिति र नारेश्व ताल पर्यटन प्रवर्द्धन विकास समिति बनाएर वडालाई कृषि एग्रो टुरिजम क्षेत्र बनाउन लागेको हो। समुन्द्री सतहदेखि उचाइमा रहेको ऐतिहासिक पर्यटकीयस्थल देवीडाँडा वनभोजस्थल दृश्यावलोकन खम्बा (भ्यूटावर) निर्माण गरेर फूलैफूलको बगैँचा बनाउने योजनाअनुरुप काम भइरहेको वडाध्यक्ष तुलसीराम सापकोटाले बताउनुभयो।

सो स्थानमा अहिले सार्वजनिक शौचालय र ट्रष्ट निर्माण गर्ने काम भइरहेको छ। उहाँले भन्नुभयो, "सो स्थानबाट सिधै फुड ट्र्याक बनाएर खहरेस्थित छाङ्गबाराही मन्दिर जोड्ने लक्ष्य रहेको छ।" चालिस फिट अग्लो उचाइको भ्यूटावर निर्माणका लागि विस्तृत अध्ययन प्रतिवेदन (डिपिआर) गरिसकिएको छ। टावर निर्माणका लागि व्यास नगरपालिकाले रु १५ लाख बजेट विनियोजन गरिसकेको वडाध्यक्ष सापकोटालेजानकारीदिनुभयो।व्यासमार्ग हुँदै पर्यटक छाङ्गबाराही मन्दिरको अवलोकनपश्चात् निर्माण गरिएको सिंढी चढ्दै देवीडाँडा पुग्न सकिने छ।

देवीडाँडामा निर्माण गरिएको भ्यूटावरबाट दृश्यावलोकनपश्चात् दुम्सीचौरस्थित कालिका मन्दिरको दर्शन गरी थालीडाँडा होमस्टेमा पुगेर बास बस्ने व्यवस्था मिलाइने छ। भ्यूटावरबाट जिल्लाको अधिकांश भाग देख्न सकिन्छ। पहाडकी रानी नामले परिचित बन्दीपुर, दमौली, फराकचौर, गजौडे, मादी, दरबार, मिर्लुङकोट, क्यामिनकोट, मानुङकोट र गलेखामकोटलगायतका स्थानको अवलोकन गर्न सकिन्छ। नारेश्वर तालमा जलविहार गराई तालघरे मार्ग हुँदै पृथ्वी राजमार्गमा पुगेर पर्यटक गन्तव्यमा पुग्न सक्नेछन्। तालमा डुङ्गा चलाउने, तालको दायाँबायाँ कटेज तथा फुड ट्र्याक बनाउने कालिका जङ्गलमा रिसोर्ट निर्माण गर्नेलगायतका संरचना निर्माण गरिने छ। तालको प्रक्रिया बल्ल सकिएको छ। उहाँले भन्नुभयो, "जग्गाको मुआब्जा, पर्यटन मन्त्रालय, विभाग र प्रदेश स्वीकृति, प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा बैठक बसेर ३५ दिने सूचना प्रकाशित, मुआब्जा यकीन गरी सार्वजनिक सूचना प्रकाशित गर्ने कार्य टुङ्गिएको छ।"

आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो॥

## हार्दिक समवेदना



जन्म : १९९६/०५/२२

स्वर्गारोहण : २०७७/११/०४

**स्व. बल बहादुर कार्की**

यस सुतार कार्की संरक्षण समिति पोखरा–१२ कास्कीका आजिवन सदस्य आँधीखोला–३ रानीस्वारा पुरानो घर भइ हाल पोखरा–१७ निवासी **बल बहादुर कार्की** को ८१ वर्षको उमेरमा भएको असामयिक निधनले हामी अत्यन्त मर्माहत र स्तब्ध भएका छौं। आज उहाँको १३ औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै शोकसन्तप्त परिवारजनमा धैर्य धारण गर्ने शक्ति भगवानले प्रदान गरुन भनि हार्दिक समवेदना प्रकट गर्दछौं।

**दुर्गा बहादुर कार्की**
**अध्यक्ष तथा**
**सुतार कार्की संरक्षण समिति पोखरा-१२ परिवार**